# गोदावरी नगरपालिका
## Godawari, Municipality
**नगर कार्यपालिकाको कार्यालय**
**बज्रबाराही, ललितपुर**
**३ नं. प्रदेश, नेपाल**

प. सं. ०७४/७५
च.नं.: ३८८८

मिति : २०७५/०२/०१

**विषय : वडा कार्यालयमा राजश्व तथा कर संकलनको अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
गोदावरी नगरपालिका ।

प्रस्तुत बिषयमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुन बमोजिम यस नगरपालिकाको राजश्व परिचालनको क्षेत्राधिकार बमोजिम आ.व. २०७४।०७५ को नगरसभाबाट अनुमोदन गरिएको आर्थिक ऐन अनुसार हालमा स्वीकृत राजश्व तथा करको दररेट अनुसार राजश्व तथा कर संकलन नगरपालिका केन्द्रबाट हुदै आएकोमा यस नगरपालिका क्षेत्र बृहत भएको हुनाले सम्पुर्ण करदाताहरुलाई नगरपालिका केन्द्रमा आएर राजश्व तथा कर बुझाउन असुबिधा हुन गएकोमा करदाता मैत्री रुपमा मिति २०७५।०२।१५ देखि वडा कार्यालयबाट नै गत नगरसभाबाट अनुमोदन गरिएको आर्थिक ऐन बमोजिम स्वीकृत राजश्व तथा करको दररेट बमोजिम देहाय अनुसारका शीर्षकका राजश्व तथा कर संकलन गर्न १४ वटै वडा र नगरपालिका केन्द्रमा देहाय बमोजिमको व्यवस्था सहित राजश्व तथा करका दररेट यसै साथ संलग्न राखि राजश्व तथा कर संकलन गर्न अधिकार प्रत्यायोजन गरिएको छ । प्रत्यायोजन गरिएको अधिकारको अधिनमा रहि राजश्व तथा कर संकलन तथा परिचालनमा सहयोग गर्न जानकारी गराउदछु ।

**तपशिल**

**(क) १४ वटा वडामा**

वडा अध्यक्षको संयोजबत्वमा सबै वडा सदस्यहरु र वडा सचिवको सदस्य रहने गरी वडा स्तरीय राजश्व परिचालन समिति गठन गरी व्यावसाय स्थल वा वडा कार्यालयमै व्यावसाय दर्ता गर्ने ।

**(ख) नगरपालिका केन्द्रमा**

नगरपालिका केन्द्रमा राजश्व परिचालनका लागि सबै वडा कार्यालयसँग समन्वय गर्न, प्रचार प्रसार गर्न, सूचना जारी गर्न र व्यावसायी तथा करदातालाई राजश्व बुझाउन प्रेरित गर्न यस नगरपालिकाका नायव सुब्बा श्रीराम आचार्यको संयोजकत्वमा ३ जना नगर प्रहरी सहितको सहजिकरण टोली गठन गरी राजश्व संकलन तथा परिचालन गर्ने ।

(गजेन्द्र महर्जन)
प्रमुख

गजेन्द्र महर्जन
नगर प्रमुख